जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः १३६ पृष्ठः ४ | २०८१ असोज ०७ गते सोमबार (Monday 23 Sep. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## धान रोप्न नगएको निहुँमा सिरहाका सदायवस्ती परे नाकाबन्दीमा



सिरहा, ६ असोज। सिरहामा एक दलित बस्ति नाकावन्दीमा परेका छन्। जिल्लाको नरहा गाउँपालिका १ गौराहा मुसहरबस्ती वरपरका जग्गा धनी सोही गाउँपालिका २ पानवारीका भदैया भन्ने रामचलितर यादवको नाकावन्दिमा परेका हुन्। नाकाबन्दीका कारण यहाँका करिव ५० घर परीवारको मुसहर (सदाय) वस्ती नाकाबन्दीमा परेका छन्। वस्तीका धेरै घरमा शौचालय नभएकाले शौच जान समेत नपाउँदा समस्या खेपीरहेका छन्। वस्तीका तीन तिर यादवको जमिन रहेकाले उनले सबै बाटाहरुमा बाँस, काँडाले घेरवार गरेकाले आफूहरुलाई जेलमा परेजस्तो भएको स्थानीय बताउँछन्।

धान खेत गोडमेल नगरेको र धान रोप्न मजदुरीमा नगएका कारण आफूहरुलाई सबैतिर घरेवेर गरेर नाकाबन्दी गरेको स्थानीय सदायहरुले बताए। उनीहरुले भने, 'धान रोप्न र गोडमेल गर्ने बेला कममा जान अटेरी गरेको, समयमा नगएको र भनेको नमानेको भन्दै गालि गलौज, कुटपिट र बस्ती वरपरका सबै बाटेहरु बन्द गरेका छन्, हामीलाई दिसा पिसाव गर्न जान समेत समस्या भएको छ।' यादवका छोरा महेश यादवले 'मेरो खेतमा पानी बगाउने' भन्दै वस्तीमा रहेका दुई वटा चापाकलको हयाण्डल समेत खोलेर लगेको वस्तिका ७१ वर्षीया जोगिया सदायले दुखेसो पोखे। उनले भने, 'हामीलाई बेला बेलामा उनीहरुले दुःख दिई रहेको छ। काम गर्न नगएको भन्दै गाली गलौज गर्ने र कुटपीट समेत गर्छ। काममा जाँदा पनि अरुको तुल्नामा कम ज्याला दिएकाले उनको मजदुरी गर्न चाहँदनौं।'

३१ वर्षीय सोनावत्ति सदायले यादव परिवारले बेला बेलामा उठीवास लाउने धम्की दिने, काममा नजाने भन्दै गाली गलौज गर्ने र काममा जाँदा पनि चलेको भन्दा कम मजदुरी दिने गरेको बताए। सदायले थपे, 'चारै तिरको जमिन मेरो हो, तिमिहरु बसेको बस्ती पनि मेरै हो' भन्दै आफूले भनेजस्तो नगरे उठिवास गरिदिने धम्की दिने गरेको छ। सदायहरु यहाँ खोरिया फाडेरै वसेको दावी गर्छन्। वस्तीका ७१ वर्षिय जोगिया सदायले भने, 'हामी यहाँ जंगल फडानी गरेरै बसेका हौं, हामी वसेको क्षेत्र गाउँ ब्लकको जमिन हो। तर, उनले पछिल्ला केहिदिनबाट उठिबास लगाउने धम्की दिने गरेको छ।'

वडा अध्यक्ष अशोक महतोले आफूले पनि आजै वस्ती घेराबन्दीमा परेको भन्ने जानकारी पाएपछि आफू पनि बस्तीमा पुगेको बताए। उनले दलित वस्ती नै जग्गा धनीको -बाँकी दुई पेजमा

## दुर्गा प्रसाईं पक्राउ

काठमाडौं, ६ असोज। मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई प्रहरीले पक्राउ गरेको छ। गएको बुधवार जिल्ला अदालत काठमाण्डौले प्रसाईंलाई पक्राउ गर्न अनुमति दिएपछि आइतबार प्रहरीले पक्राउ गरेको हो। प्रसाईंलाई पक्राउ गर्न प्रहरी टोली उनको घर भक्तपुर पुगेपछि प्रसाईंले गेट बन्द गरेर भित्रबाट प्रहरीलाई अपशब्द बोलेका थिए। लभगभग एक घण्टासम्म पनि उनले गेट नखोलेपछि प्रहरीले पर्खालमा भऱ्याङ लगाएरै घरभित्र प्रवेश गरी पक्राउ गरेको हो। सामाजिक सञ्जालमा आपत्तिजनक अभिव्यक्ति दिएको र व्यक्तिको चरित्र हत्या गरेको भन्दै उजुरी परेपछि प्रहरीले उनलाई पक्राउ गर्न अदालतसँग अनुमति मागेको थियो। प्रसाईंसँगै युटुबर जीवन पाण्डे र प्रकाशचन्द्र दाहालविरूद्ध अदालतबाट पक्राउ पुर्जी जारी छ।

## पूर्वडीआईजी जोशी पक्राउ

काठमाडौं, ६ असोज। सहकारी बचत रकम अपचलन प्रकरणमा नेपाल प्रहरीका पूर्वनायब महानिरीक्षक (डीआईजी) छविलाल जोशी पक्राउ परेका छन्। काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले जोशीलाई शंखमूलबाट पक्राउ गरेको हो। उनी गोर्खा मिडियाका पूर्व सञ्चालकमध्ये एक हुन। उनीविरुद्ध कास्कीमा उजुरी परेकाले -बाँकी दुई पेजमा

## चुरे संरक्षण अभियन्ताले घेरे मधेशको मुख्यमन्त्री कार्यालय

जनकपुरधाम, ६ असोज। चुरे तथा वनजंगल संरक्षण अभियन्ताहरुले मधेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय घेराउ गरेका छन्। चुरे तथा वनजंगल संरक्षण अभियान, नेपालका अध्यक्ष सुनिल यादवको अगुवाइमा कार्यालय घेराउसँगै ज्ञापनपत्र समेत बुझाएका छन्। दलित, भुमिहीन, सुकुम्बासीहरुको भूमि अधिकार, अवैध उत्खनन बन्द, वन अतिक्रमण नियन्त्रण, खुल्ला चरिचरण बन्द लगायतको माग गर्दै कार्यालय घेराउ गरेका छन्। यी मुद्दाहरुसहित संरक्षण अभियान दुई वर्षदेखि आन्दोलनमा छन्। उनीहरूले मुख्यमन्त्री सतिशकुमार सिंहलाई ज्ञापनपत्र बुझाउँदै मागहरु यथाशीघ्र पूरा गर्न आग्रह गरेका छन्। अभियानले आज (सोमबार) राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति जनकपुर इकाईको घेराउ गर्न जनाएको छ। अध्यक्ष यादवले माग पूरा र तीनवटै तहका सरकार जिम्मेवार नभएसम्म आन्दोलन जारी राख्ने बताए।

## चोहर्वा दरबारले छप्पर फारेर लोकतन्त्र मेरो घरमा छिराइदियो



**अर्जुन थपलिया**

गोलबजार, ६ असोज। गत शुक्रवार अर्थात भदौ २८ गते। राति लगभग २ बजेर ११ मिनेट, चकमन्न समय। सिंह दरबारबाट हिंडेको संघीय लोकतान्त्रिक गणतन्त्र चोहर्वा दरवार हुँदै मेरो घरमा आइपुग्यो। छप्पर फुटाएर मेरो घरभित्रै पस्यो। मेरो छनामामाथि अभैm डोव (चिन्ह) छ। काठमाडौंको सिंहदरवारबाट २०७२ सालको संविधान घोषणासँगै हिंडेको संघीय लोकतान्त्रिक गणतन्त्र गाउँको -बाँकी दुई पेजमा




## करेन्ट लागेर बारामा हात्तीको मृत्यु

बारा, ६ असोज। बाराको कोल्हवी नगरपालिका-२ भलुवाहीखोरस्थित राष्ट्रिय वन क्षेत्रनजिकै शनिबार राति करेन्ट लागेर हात्तीको मृत्यु भएको छ। वनसँगै रहेको रमेश जीसीको धान खेतको वरिपरि लगाइएको फलामे तारबाट करेन्ट प्रवाह भएर अन्दाजी १७ देखि २० वर्षसम्मको भाले हात्तीको मृत्यु भएको डिभिजन वन कार्यालय सिमराका प्रमुख डीएफओ राजीवकुमार झाले बताए। पर्सा राष्ट्रिय निकुञ्जबाट आएको पशु चिकित्सकको टोलीले हात्तीको -बाँकी दुई पेजमा

## डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाडाँलाई छोपेर राखौं।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधी छर्कने गरौं।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# हेलिकप्टर चार्टरमा पनि प्रशासनिक झमेला !

भौगोलिक अवस्थाका कारण नेपालको दुर्गम पहाडी र हिमाली भेगमा नेपालमा सडक यातायात सञ्जाल विस्तार गर्न सजिलो छैन। यस्तोमा विकल्प हवाई यातायातको सुविधा विस्तार गर्नु नै हो। यद्यपि, हवाई यातायात औसत नेपालीको आर्थिक हैसियतका तुलनामा निकै महँगो विकल्प हो। हुनत, हवाई यातायातको पहिलो पूर्वाधार विमानस्थल निर्माण पनि महँगै हुन्छ। त्यसमा पनि पातलो जनसंख्या र भूअवस्थितिका कारण विमानस्थल निर्माण पनि सितिमिति प्राविधिक र व्यावसायिक दृष्टिमा सभाव्य हुँदैन। यस्तै, अहिले विमानस्थल भएकै कतिपय स्थानमा समेत नियमित विमान सेवा सञ्चालन व्यावसायिकरूपमा लाभदायी हुँदैन।

यस्तो अप्ठेरो अवस्थामा रहेका जनसंख्यालाई हेलिकप्टरको चार्टर्ड सेवा महँगो भए पनि सजिलो विकल्प हुनसक्थो। तर, त्यसमा रहेको प्रशासनिक झन्झटले गर्दा सत्तामा पहुँच नहुनेहरूका लागि हेलिकप्टर चार्टर गर्नु आकाशको फल हुनपुगेको छ। यसैले गोरखाको चुमनुब्री–१ मा शुक्रवार भेला भएका स्थानीयहरूले हेलिकप्टर चार्टर गर्ने प्रक्रिया सहज गराउन सरकारसँग माग गरेका हुनुपर्छ। पहिलो त दुर्गममा हेलिकप्टर सेवा प्रयोग गर्न प्रशासिक अनुमति अनिवार्य गर्नु नै अन्याय हो। त्यसमाथि बिरामी, सुत्केरीलगायत हवाई सेवा अत्यावश्यक परेकाहरूका लागि सरकारका विभिन्न निकायबाट स्वीकृति लिनुपर्ने व्यवस्थाले हेलिकप्टर चार्टर गर्नै असम्भव प्रायः देखिन्छ। दुर्गममा रहेको कुनै व्यक्तिलाई तत्काल राजधानी वा अन्य सहर पुग्नुपर्दा हेलिकप्टर चार्टरको अनुमति लिनै साताभन्दा बढी लाग्ने गुनासो स्थानीय बासिन्दाको छ।

सरकार जनताप्रति उत्तरदायी हुँदो हो त दुर्गमका बासिन्दालाई यातायात सेवा उपलब्ध गराउन सबै विकल्पमा ध्यान दिनेथियो। बिरामीलाई अस्पताल लैजान हेलिकप्टर आवश्यक सरकारले स्वयं नै व्यवस्था गर्थ्यो। अरू अवस्थामा पनि सडक यातायात नभएका ठाउँका बासिन्दाका लागि सहुलियतमा हेलिकप्टर सेवा उपलब्ध हुने प्रबन्ध मिलाउँथ्यो। यस्तो प्रबन्ध भए स्थानीय नेपालीका साथै बिरामी पर्यटकहरूलाई पनि सुविधा हुन्छ। शासन पद्धतिमा राजनीतिक छलाङ मारे पनि प्रशासनयन्त्रमा रहेको सङ्कीर्ण पुरातनपन्थी सोचका कारण कुनै पनि निर्णयमा जनताको हित र सजिलोभन्दा कर्मचारीको सुविधा निर्णायक हुनेगरेको छ। नागरिकलाई सडकबाट वा व्यावसायिक हवाई सेवाबाट यात्रा गर्न अनुमति चाहिँदैन भने हेलिकप्टरको चार्टर्ड उडानको सेवा लिन अनुमतिको झन्झट लगाउनु भेदभावमूलक व्यवहार हो।

हवाई सुरक्षाका लागि अरू व्यावसायिक उडानमा जस्तै सम्बन्धित सेवा प्रदायकलाई नै जिम्मेवार बनाएर हेलिकप्टर कम्पनीहरूलाई दुर्गम जिल्लाहरूमा चार्टर सेवा सहजरूपमा उपलब्ध गराउने व्यवस्था मिलाउन सरकारले अप्ठेरो मान्नुपर्ने कुनै कारण देखिँदैन। यसैले मूलतः हिमाली भेगका नागरिकलाई मात्र सकसमा पार्ने यस्ता भेदभावपूर्ण अनुदार नियमहरू खारेज गरी स्थानीय सरकारलाई नै हेलिकप्टर उडानको अनुमति दिने अधिकार दिइयोस्।






# एमाले, कांग्रेस र माओवादी नेतृत्वकै सरकार सहकारी समस्या समाधानमा अनिच्छुक !

**फणीन्द्र नेपाल**

२०४७ को परिवर्तनयता लगभग ३४ वर्षको अधिकांश समय नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रका नेताहरूले मुलुकको शासन सत्ता सम्हालेका छन्। तत्कालीन राजा ज्ञानेन्द्र शाह र पञ्चायत पृष्ठभूमिकाका लोकेन्द्र बहादुर चन्द र सूर्य बहादुर थापालाई छाड्ने हो भने यो बिचमा पालैपालो कांग्रेस, एमाले र माओवादी नेताहरुले शासन सत्ता सम्हालेका हुन्। नेपाली कांग्रेसबाट नेताहरू कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशिल कोइराला र शेरबहादुर देउवाले सरकारको नेतृत्व गर्दै प्रधानमन्त्रीको हैसियतमा सरकार सञ्चालन गरे। कृष्णप्रसाद भट्टराई २०४७ र २०५६ साल गरी दुई पटक प्रधानमन्त्री बनेका थिए भने गिरिजाप्रसाद कोइरालाले २०४८ देखि २०६३ सालसम्मको अवधिमा पाँच पटक प्रधानमन्त्री बनेर मुलुक हाँकेका थिए। २०७० सालमा कांग्रेसकै सुशिल कोइराला प्रधानमन्त्री बनेका थिए। यी तिनै पूर्वप्रधानमन्त्रीको निधन भइसकेको छ।

त्यस्तै नेपाली कांग्रेसका हालका सभापति देउवा २०५२ देखि २०७९ सालसम्मको अवधिमा पाँच पटक प्रधानमन्त्री बनेका छन्। यसरी हेर्दा नेपाली कांग्रेसका नेताहरुमात्रै २०४७ पछि १३ पटक प्रधानमन्त्री बनेको देखिन्छ। कांग्रेसपछि सबैभन्दा धेरै समय सरकार चलाउने कम्युनिस्ट नेताहरू छन्। २०५१ सालमा मनमोहन अधिकारीबाट सुरु भएको कम्युनिस्टहरूको सत्ता यात्रा २०८१ सम्म जारी छ। यो बिचमा नेकपा एमाले र माओवादीका नेताहरूले सरकारको नेतृत्व गरेका छन्। एमालेबाट हालका प्रधानमन्त्री केपी शर्मा ओली चौथो कार्यकाल सरकारको नेतृत्व गरिरहेका छन्। उनी पहिलो पटक २०७२ सालमा प्रधानमन्त्री बनेका थिए। नेपालको इतिहासमा सबैभन्दा धेरै समय कम्युनिस्ट प्रधानमन्त्री बन्नेमा पनि ओली नै हुन्। ओलीबाहेक एमालेबाटै माधवकुमार नेपाल र झलनाथ खनाल पनि प्रधानमन्त्री भैसकेका छन्। माधव नेपाल २०६६ सालमा प्रधानमन्त्री बनेका थिए भने खनाल २०६७ सालमा प्रधानमन्त्री बनेका थिए। नेपाल र खनाल अहिले एमालेमा छैनन्। त्यसपछि तत्कालीन समयमा माओवादीबाट डा. बाबुराम भट्टराई मुलुकको प्रधानमन्त्री बनेका थिए। भट्टराई अहिले माओवादी छाडेर नेपाल समाजवादी पार्टीमा सक्रिय छन्।

यसैगरी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि मुलुकको कार्यकारीको हैसियतमा ३ पटक प्रधानमन्त्री भएर मुलुक चलाइसकेका नेता हुन्। अध्यक्ष प्रचण्ड २०६५ सालमा पहिलो पटक प्रधानमन्त्री भएका थिए भने त्यसपछि २०८१ सम्म आइपुग्दा अर्को २ पटक प्रधानमन्त्री बनेर मुलुक चलाउने नेतामा पर्छन्। यसरी हेर्दा नेपालमा ६ जना नेताहरु क्रमशः मनमोहन अधिकारी, केपी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड, डा. बाबुराम भट्टराई, माधवकुमार नेपाल र झलनाथ खनाल दोहोरिएरसहित १३ पटक प्रधानमन्त्री भैसकेका छन्। यस अवधिमा एमाले र माओवादी कहिले आफ्नै त कहिले अर्को दलको नेतृत्वमा सरकारमा सहभागी हुँदै आएका छन्। प्रधानमन्त्री बनेका पहिलो कम्युनिस्ट नेता मनमोहन अधिकारीको निधन भएपनि प्रधानमन्त्री बनेका अरु नेता अझैसम्म नेपालको राजनीतिमा सक्रिय नै छन्।

नेपाली कांग्रेस र कम्युनिस्ट नेताबाहेक २०४७ पछिको अवधिमा छोटो समय पञ्चायत पृष्ठभूमिका सूर्यबहादुर थापा र लोकेन्द्र बहादुर चन्द पनि प्रधानमन्त्री भएका थिए भने तत्कालीन राजा ज्ञानेन्द्र शाहले पनि केही समय मुलुकको नेतृत्व गरेका थिए। ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासन तथा चन्दा र थापाको शासनकालबाहेक खिलराज रेग्मी नेतृत्वको सरकार पनि बनेको इतिहास छ। तर रेग्मी नेतृत्वको सरकार संविधान निर्माणका लागि बनेकाले उनको नेतृत्वको सरकारले अन्य काममा खासै केन्द्रित भएन। तर, जनताप्रति उत्तरदायी र जबाफदेही बन्ने भनिएका प्रमुख राजनीतिक दलका नेताहरूकै नेतृत्वमा बनेका सरकारले समयमै सहकारी समस्या समाधान गर्नेतर्फ भन्दा पनि आफ्ना नेता कार्यकर्ताको संरक्षण गर्ने गर्दा सहकारी समस्या जटिल बन्नुका साथै लाखौं बचतकर्ताको खर्बौं रकम हिनामिना,अपचलन र अनिश्चित हुन पुगेको घटनाक्रम र तथ्यहरूले नै देखाएका छन्।

प्रतिनिधि सभाका सांसद सांसद सूर्यबहादुर थापा नेतृत्वको समितिले तयार पारेको प्रतिवेदनमा २०४७ सालदेखि २०८० सालसम्म बनेका समिति, आयोग र कार्यदलका प्रतिवेदन कार्यान्वयनमा विगतका सरकारले बेवास्ता गर्दा अहिले सहकारी समस्या जटिल बनेको ठहर गरेको छ। थापा नेतृत्वको समितिले नेपालका सहकारीहरूको समस्या उधिनेर समाधानका केही उपायहरू सुझाएपनि सरकारले त्यसलाई कति कार्यान्वयन गर्छ या गर्दैन ? भन्ने प्रस्ट छैन। जसले गर्दा सहकारी समस्या अझै समाधान हुने हो वा थप जटिल बन्दै जाने हो भन्ने अनिश्चित देखिएको छ। सांसद थापा नेतृत्वको प्रतिवेदनको पूर्णपाठमा सहकारी समस्याका सम्बन्धमा २०४७ साल कात्तिक ३० गते राधाकृष्ण मैनालीको नेतृत्वमा सात सदस्यीय साझा कार्यक्रम कार्यान्वयन, २०६१ साउन १३ गते तत्कालीन राष्ट्रिय योजना आयोगका सदस्य डा. युवराज खतिवडाको नेतृत्वमा बचत तथा ऋण सहकारीको अध्ययन समिति बनेको उल्लेख छ।

त्यसैगरी सोही वर्षको असोजमा तुलसी प्रसाद उप्रेतीको संयोजकत्वमा, २०६९ भदौ ५ मा सहसचिव बैकुन्ठ अर्याल नेतृत्वको सहकारी नियमन गर्ने समिति,२०६९ माघ १२ गते राष्ट्र बैंकका तत्कालीन डेपुटी गभर्नर महाप्रसाद अधिकारीको संयोजकत्वमा ८ सदस्यीय सहकारी छानबिन समिति,२०७० कात्तिक १४ मा गौरीबहादुर कार्कीको नेतृत्वमा समस्याग्रस्त सहकारी छानबिन आयोग र २०८० वैशाख २६ गते राष्ट्रिय योजना आयोगका सदस्य जयकान्त राउतको संयोजकत्वमा सहकारी सुधार सुझाव कार्यदल र आयोग भएको थापा नेतृत्वको समितिले जनाएको छ। यसरी हेर्दा सहकारी समस्या पहिचान र समाधान गर्न विगतदेखि अहिलेसम्मका सरकारले सात वटा विभिन्न समिति र आयोग बनाएको देखिन्छ। तर ती समिति र आयोगहरूले औंल्याएका समस्या सम्बोधन गर्न कुनै पनि सरकारले चासो दिएको देखिँदैन।

त्यतिमात्रै होइन, थापा नेतृत्वको समितिले सार्वजनिक गरेको सहकारी प्रतिवेदनमा अधिकांश सहकारीहरूमा 'फेक कारोबार र कागजपत्र हुने गरेको देखाएको छ। विगतमा समिति वा आयोगको नेतृत्व गरेका व्यक्तिहरू अहिले पनि सरकारी उच्च ओहदामा पदासीन छन्। मुख्यसचिव, गभर्नर र राष्ट्रिय योजना आयोगको उपाध्यक्ष समेत भैसकेका उनीहरूले विगतमा सहकारी समस्यालाई समाधान गर्न ठोस पहल गर्न नसकेको पछिल्लो प्रतिवेदनले नै देखाएको छ। २०४७ सालमा कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारका पालामा त्यसबेलाका एमाले नेता राधाकृष्ण मैनालीको नेतृत्वमा सात सदस्यीय साझा कार्यक्रम कार्यान्वयन समिति बनेको र सोही समितिले सहकारीबारे अध्ययन अनुसन्धान थालेको मैनाली बताउँछन्। त्यसबेला गुजरातको गरिबी हटाउन सहकारीले खेलेको भूमिकाबारे अध्ययन गर्न भारतको गुजरात समेत पुगेर आफूहरूले अध्ययन गरेको र सहकारी विस्तार गर्न सरकारलाई सुझाव दिएको मैनालीको भनाइ छ।

मैनालीको भनाइमा पछिल्लो समय सहकारीहरूमा समस्या आउनुमा सहकारी सञ्चालक मात्र नभएर राज्य सञ्चालकहरू पनि दोषी छन्। 'बितेको ३४ वर्षमा ३० वर्ष बढी कांग्रेस, एमाले र माओवादीले सरकारको नेतृत्व गरेका छन्। सोही अवधिमा सहकारी समस्या जटिल, झन् जटिल र झनझन जटिल बन्यो', पूर्वमन्त्री समेत रहेका मैनालीले भने, 'विभिन्न दलको नेतृत्वमा बनेका सरकारहरूले सहकारीको विकास भन्दा पनि आआफ्ना पार्टीका संगठनको विकास गर्न लागे जसले गर्दा अहिले सहकारी र बचतकर्ताहरूको बिल्लिबाठ भएको छ।' उनका अनुसार पछिल्ला वर्षहरूमा नेपालमा सहकारीमध्ये पनि बचत सहकारी धेरै मौलाउनुमा सरकारले नियन्त्रण र नियमनमा चासो नदेखाउनु र कतिपयका लागि पैसा लुकाउने माध्यम त कतिका लागि लागि सर्वसाधारणको रकम जम्मा गरेर अपचलन वा दुरुपयोग गर्ने माध्य बन्न पुगेका हुन्।

मैनालीका अनुसार एमाले, कांग्रेस र माओवादीकै संरक्षणमा धेरै सहकारी सञ्चालनमा रहेका छन्। जसले गर्दा उनीहरूको नेतृत्वमा सरकार बन्दा पनि सहकारीमा हुने गरेको अनियमितता र गैरकानुनी कारोबारबारे थाहा पाएर पनि बेवास्ता गर्ने गर्दा यो विषय जटिल बन्न पुगेको हो। 'साढे तीन दशकको अवधिमा ३० वर्ष पालैपालो काँग्रेस, एमाले र माओवादीले सरकार चलाएका छन्। उनीहरूको कार्यकालमा भएको यो अराजकता र अनियमितताबारे उनीहरू जबाफदेही हुने कि नहुने, जिम्मेवार हुने कि नहुने ?', मैनालीको प्रश्न छ। उनले पछिल्लो पटक बनेको समितिको प्रतिवेदनले पनि समग्र सहकारीका समस्या भन्दा पनि कार्यादेश पाएका केही सहकारीका सम्बन्धमा मात्र ध्यान दिएको आफूले पाएको बताए। उनले न्यायिक कमिटी बनाएर छानबिन गरेको भए अपराधको पहिचान र कारबाही समेत हुने सम्भावना रहने भन्दै संसदीय समितिले नीतिमात्र बनाउने भएकाले अझै समस्या समाधान हुन्छ भन्नेमा ढुक्क हुनसक्ने अवस्था नरहेको बताए। समितिको प्रतिवेदनले सहकारीमा मौलाएको अराजकता र अनियमितता रोक्ने ठोस उपाय समेत नदिएको मैनालीको भनाइ छ।

'संसदीय समितिले सहकारीहरूको कसरी नियन्त्रण गर्ने भन्ने विषयमा फोकस नै गरेन। ४० वटाबाहेक अर्बौं कारोबार गर्ने सहकारी अरू पनि छन्। तिनको नियमन गर्ने मेकानिजम नै सिफारिस छैन', मैनालीको भनाइ छ।

# मधेसमा ८७४ जना नयाँ कुष्ठरोगी

**धर्बेन्द्र झा**

जनकपुरधाम, ६ असोज। मधेश प्रदेशका जिल्लामा ८ सय ७४ जना नयाँ कुष्ठ रोगी फेला परेका छन्। स्वास्थ्य निर्देशनालय मधेश प्रदेशले जनकपुरधाममा आयोजना गरेको एक कार्यक्रममा सो जानकारी दिइएको हो। ससाकावा फाउण्डेशन र नेपाल कुष्ठ रोग संस्थाको सहयोगमा स्वास्थ्य निर्देशनालय मधेश प्रदेशले आइतबार मधेश प्रदेशको राजधानी जनकपुरधाममा आयोजना गरेको कुष्ठ रोग प्रभावकारी नियन्त्रणसम्बन्धि कार्यक्रममा निर्देशनालयको कुष्ठ रोगशाखाका प्रमुख राजविर यादवले सोबारे जानकारी गराए।

कुष्ठ रोगको क्षेत्रमा औषधीसहितका विश्वमा कुष्ठरोगीको पुनर्स्थापनासहितको क्षेत्रमा समुदायामा सहयोग गर्दैआएको जापानको सासाकावा फाउण्डेशनको प्रतिनिधिको सहभागितामा भएको कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै यादवले प्रदेशको सप्तरी बाहेक ७ जिल्लामा नयाँ र पुरानो गरेर १ हजार १० जना कुष्ठरोगीहरु स्वास्थ्यकर्मीको निगरानीमा औषधी लिइरहेको जानकारी दिए।

नेपालमा २ हजार ५ सय २२ जना कुष्ठरोगी रहेकोमा त्यसको ३७ प्रतिशत रोगी मधेश प्रदेशमा रहेका छन्। सामाजिक मान्यता तथा रुढीबादीका कारणले धेरैले कुष्ठ रोग लुकाएर बसेका कारणले यो संख्या अझ बढी समुदायमा हुने अनुमान मधेश प्रदेशका स्वास्थ्य निर्देशनालयका निर्देशक डा. राजिवकुमार झाले बताए। खोजतलासको काम घर–घरमा गर्न जरुरी रहेको उनको भनाइ छ।

प्रति १० हजार जनसंख्यामा एक जनाभन्दा कम कुष्ठरोगी भएपछि मात्र कुष्ठरोग उन्मूलन भएको मान्ने विश्व स्वास्थ्य संगठनको गाइडलाइन रहेको छ। नेपालका ३४ जिल्ला पूर्ण रुपमा कुष्ठरोग उन्मूलन भएको जिल्ला भए पनि अन्य जिल्लामा अझ पनि रोगी रहेको अनुमान गरिएको छ। कुष्ठरोग नियन्त्रणका लागि खोप हालसम्म नबने पनि यसको औषधी रोगीले खाइसकेपछि सार्ने सम्भावना नभएकाले रोगको शंका लागेको

–बाँकी तीन पेजमा

## चोहर्वा दरबारले ...

सिंहदरवार चोहर्वा दरवारमा कैद थियो। चोहर्वा दरवारले संघीय लोकतान्त्रिक गणतन्त्रमा थोरै समाजवाद समेत मिसाएर गत शुक्रवार मध्यरातमा मेरो घरमा छिराइदियो। चोहर्वा दरवारले शाहजादामार्फत अस्लिल र भद्दा गाली तथा ज्यान मार्ने धम्कीको किस्तीमा सजाएर पठाएको संघीय लोकतान्त्रिक गणतन्त्र र समाजवाद हाम्रालागि निकै महंगो सावित भयो।

चोहर्वा दरवारका शाहजादा आफै आएका थिए। टुवोर्ग वियरको नसामा धुत पाँच जनाको समूह लिएर आए। सिलभर कलरको हाफडाला चारपाङग्रेमा हुकिएर आएका शाहजादाको गाडी मेरो घर अगाडि रोकियो। गाडीको भ्याल खोलियो र ४ वटा वियरको बोतल मेरो आँगनतर्फ प्रहार गरियो। दुईवटा बोतल घरको भित्तामा लाग्यो। दुई वटा बोतल आँगनसम्म आइपुग्यो। त्यसपछि गाडिबाट ओर्लिएर छानामाथी ढुङ्गा प्रहार गर्न सुरु गरियो। घरको छानामाथि र आँगनमा ढुङ्गा वर्षिए पछि मेरो घर परिवारमा अत्तालो छुट्यो। भाइ, बुहारी, बुढी आमा र हामी पतिपत्नीको पनि ढुकढुकी बढ्यो।

मध्यरातमा छानामाथि ढुंगा बर्सिदा र वियरका बोतल आँगनमा खस्दा उत्पन्न हुने भय र त्रास निकै भयानक थियो। अत्तालिने गरी मानसिक तनाव त भयो नै। मेरी ७६ वर्षीया बुढीआमाको आँखा रसायो। चिलको आक्रमण हुँदा कुखुराले चल्ला छोपेजस्तै मेरी महतारी मलाई छोप्दै थिइन्। टायलको छानामाथि ढुंगा बजारिदा मेरा अनुज र अनुज बधु खाटमुनि पसेर ज्यान जोगाएका थिए। मेरा कनिष्ट अनुज भन्दै थिए, तपाईंको पत्रकारिताको कमाल हो यो। घरमा मध्यरातमा आतंक आइलाग्छ। हामीले हार गुहार गरेपछि मेरा छरछिमेक गाउँले तत्काले जम्माजम्मी भए। हामीलाई सुरक्षा, सान्तव्ना र ढाडस् दिए।

यो गरिब र कमजोर पत्रकारको रैनबसेरा तोडफोड भएको छ। वर्षायाम सकिएकै छैन। फुटेका टालीबाट पानी धरधरी घरभित्र चुहिने पक्का छ। वर्षाले छपक्कै भिजेका माटेका टायल नसुकी फेर्न पनि मिल्दैन। बीचको टायल फेर्न पुरै छाना उजारेर नयाँ सेटिङ्ग गर्नुपर्छ। आज मेरी आमाले नयाँ जुक्ति भिकिन्। पुराना एक्स–रे को निगेटिभ खोजेर फुटेका टालीको ठाउँमा घुसार्नु भएकोछ। आमा हुन्, बालबच्चालाई न्यानो र ओभानो बनाउन प्रयत्न गर्नु स्वभाविक हो। पुरानो हिन्दी गीतको याद आयो, "वो होते हैं किस्मत बाले जिनके माँ होती है"।

शुक्रवार मध्यरातमा मेरो घरमा आक्रमण भयो। मैले हिजो असोज ३ गते इलाका प्रहरी कार्यालयमा जाहेरी दरखास्त पेस गरे। प्रहरीले मेरो जाहेरी लियो तर दर्ता नम्बर दिएन्। अध्ययन गर्नुपर्छ भनेर टारेर मलाई फर्काइयो। म निरीह भएर फर्किए। मैले दोश्रो पटक अनुभव गरे चोहर्वा दरवारकै फगत खेलौना रहेछ सिरहाको प्रहरी प्रशासन। यहाँ कानून सबैका लागि बराबर होइन रहेछ। मूल राजतन्त्र फाले पनि छोटे राजाहरु गाउँ गाउँमा रहेछन्। आज चोहर्वा दरवारको छानामाथि मध्यरातमा बोतल र ढुंगा प्रहार भएको भए छानविन र अनुसन्धानका लागि दर्जनौ व्यक्ति गिर तार भइसक्थ्यो। एसपी, सिडिओलाई भोक र निन्द्रा लाग्दैनथ्यो। तालिम प्राप्त कुकुर आउँथ्यो। अपराधी पत्ता लगाइन्थ्यो। तर मेरो घरमा भएको आक्रमण बारे २ वटा सिसिटिभी फुटेज र ३ जना देखिजान्ने साक्षी मैले स्वयं प्रहरी समक्ष प्रस्तुत गर्दा पनि प्रहरी कदम चालेन। शाहजादालाई कानूनको दायरामा ल्याउने कुनै चासो देखाइएन।

जब जब चोहर्वा दरवार र शाहजादाले ममाथि घात र प्रहार गर्न खोजेको समाचार वा फेसबुक स्टाटस लेख्छु वा भ्रष्टचार गरेको समाचार प्रकाशित गर्छु तव तव मलाई एकजनाले खुचिङ्ग गर्दै प्रतिक्रिया पठाउँछन्। उनी हुन् श्रमजीवी सहकारीका अध्यक्ष सुशिलचन्द्र अधिकारी। सबैलाई थाहा छ उनी राजावादी हुन्। उनी भन्छन्, वडा खुब राजतन्त्र फाल्ने आन्दोलनमा लागेका थियौं नी ! हेर अब भोग – राजा फाल्दा के नतिजा भोग्नुपर्छ। म उनलाई भन्छु "लोतन्त्रको विकल्प लोकतन्त्र नै हो"। लोकतन्त्रले आफुले आफैलाई परिस्कृत गर्दै लैजान्छ। हामीले चाहेको जस्तो सुन्दर लोकतन्त्र अभै आएको रहेनछ। तर एक दिन त्यो सुन्दर लोकतन्त्र आउँछ जहाँ कानूनको राज्य हुन्छ। ठूला साना सबैलाई समानरुपमा कानून लाग्छ। बोल्ने तथा लेख्ने स्वतन्त्रता पूर्णतया प्रचलन हुन्छ। जहाँ मान्छेको ससम्मान बाँच्ने अधिकारको राज्यले ग्यारेण्टी गर्छ। जहाँ चोहर्वा दरवार जस्ता छोटे राजाहरुको हैकम, शोषण, दमन समाप्त हुन्छ। एक दिन भ्रष्टाचारमुक्त राज्य संयन्त्र बन्छ। नागरिकले नागरिक भएर जीवनयापन गर्ने दिन आउँछ।

प्रहरी प्रशासन चोहर्वा दरवारको दास सरह भएको देख्दा हाम्रो परिवार शाहजादाबाट ज्यादै असुरक्षित देखिन्छ। कानूनी राज्यको उपहास भएको देख्दा खिन्नता र विरक्ति पनि बढ्छ। तर समाज अभै न्याय र निसाफको पक्षमा सतिसाल भैँ उभिएको छ। त्यसकारण परिस्कृत लोकतन्त्र र सुन्दर तथा सभ्य समाजको स्थापना सम्भव देखिन्छ। मेरो घरमा भएको आक्रमण पश्चात सबै राजनीतिक दलहरु, पेशागत क्षेत्रका महानुभावहरु, उद्यमी, व्यापारी, शिक्षक, विद्यार्थी, युवा, ज्येष्ठ नागरिक र पत्रकार साथीहरु मेरो घरमै आउनु भयो। घटनाबारे जानकारी लिदै हाम्रो हौसला बढाउनु भयो। हामीलाई ढाडस दिनुभयो। आक्रमण प्रति खेद र निन्दा प्रकट गर्नुभयो। दोषीहरुमाथि कारवाही गर्नुपर्ने र न्याय प्राप्त हुनुपर्छ भनेर अभिमत जाहेर गर्नुभयो। यसबाट देखिन्छ – समाज मृत छैन। समाज डराएको छैन। राज्य संयन्त्र चोहर्वा दरवारले कब्जा गरेपनि समाज न्याय मर्न दिने पक्षमा छैन। त्यसकारण म आशावादी छु – चाहेर्वा दरवारका जस्ता वादशाहहरुलाई जनताले छिट्टै कठालो समातेर सत्ताको घोडाबाट खसाल्ने छन्। राज्य सत्तामा दरवारहरुको हालिमुहाली एकदिन समाप्त हुनेछ। प्रथम जनता हुन् भन्ने सिद्धान्त लागु हुनेछ। चोहर्वा दरवारको सेवक बनेर बसेको प्रहरी प्रशासन एक दिन व्यवसायिक क्षमतासहित निष्पक्ष रुपमा जनताको पक्षमा खटिने छ।

चोहर्वा दरवारलाई ज्ञात होस् म अहिंसाको पक्षमा अटल छु। यो मेरो निष्ठा चोहर्वा दरवारको उक्साहटबाट फेरिने छैन। तर चोहर्वा दरवारले जुन बाटोमा शाहजादालाई हिँडाएको छ त्यो सर्वनाशको मार्ग हो। हामीले देखेका छौं जसले बन्दुक उठायो त्यसको अन्त्य पनि बन्दुकबाटै भयो। यो पत्रकार सोभो, निर्धो र कमजोर छ तर जुन दिन कुनै बलियोसँग फेला पर्छ त्यो दिन धरधरी रुनुपर्ला। बेलैमा चेतना भया। अन्त्यमा न्याय र समानताका पक्षधर सिङ्गो समाज र राजनीतिक दलहरु प्रति आभार व्यक्त गर्दछु। म निरन्तर, अविराम र निर्भय भएर न्याय र समानताको पक्षमा, समाजको पक्षमा कलम चलाइरहनेछु।

## धान रोप्न नगएको...

कर्तुतले मर्कामा परेको बताए। वडा अध्यक्ष महतोले दलित वस्तीको समस्या समाधान गर्न आफ्नो तर्फबाट सबैखालको सहयोग गर्न आफू तत्पर रहेको बताए।

## पूर्वडीआईजी ...

कास्की प्रहरीमा पठाउने तयारी भइरहेको छ। आइतबारै गृहमन्त्री रमेश लेखकले सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी संसदीय विशेष छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्न नेपाल प्रहरीलाई निर्देशन दिनुभएको थियो। संसदीय छानविन समितिले सहकारी ठगी प्रकरणका आरोपी गोर्खा मिडियाका तत्कालीन प्रबन्ध निर्देशक, पूर्वगृहमन्त्री तथा रास्वपा सभापति रवि लामिछानेसहित ४ जनाविरुद्ध चार कसुरमा अनुसन्धान गर्न सिफारिस गरेको छ।

## करेन्ट लागेर ...

पोस्टमार्टम गरेपछि जंगलमै गाड्ने तयारी भइरहेको भाले बताए। 'घटनाबारे अनुसन्धान भइरहेको छ,' डिभिजन प्रमुख भाले भने, 'करेन्ट हाल्ने जग्गाधनीसित सोधपुछका लागि खोजी भइरहेको छ।' धान चर्न गएको बेला करेन्ट लागेर हात्तीको मृत्यु भएको उनले बताए।

## मधेसमा ८७४...

खण्डमा तत्काल जाँच गरेर उपचारमा आउनका लागि आम नागरिकलाई मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. सञ्जयकुमार ठाकुरले कार्यक्रममा आग्रह गरे। कुष्ठरोग पूर्वजन्मको पाप, देवी देवताको श्राप नभई एक प्रकारको किटाणुका कारणले सर्ने भएकाले औषधी खाएपछि निको हुने प्रमाणित हुँदै आएकाले उपचारमा आउन मन्त्रालयका सचिव डा. ठाकुरले आग्रह गरे। कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहले कुष्ठरोगको उपचार गरेको खण्डमा निको हुने भएकाले कुष्ठ रोगको शंका लागेमा स्वास्थ्य संस्थामा उपचारका लागि जान आग्रह गरे। उहाँले कुष्ठरोगप्रतिको नकारात्मक भावना चिर्नका लागि गाउँ–गाउँमा जनचेतनामूलक प्रचार–प्रसार गर्न जरुरी रहेको बताए। कुष्ठरोगको नि:शुल्क औषधी तथा समुदायमा कुष्ठरोगीको पुनर्स्थापनाको क्षेत्रमा सहयोग गर्दैआएका सासाकावा फाउण्डेशनका सदस्य डा. मोही सासाकावाले बताए।

### सिक्स लेन सडकमा सास्ती :

# टिपरको बदमासीमा प्रहरीको अनदेखा

**शैलेन्द्र महतो**

जनकपुरधाम, ६ असोज। धनुषाको लक्ष्मीनियाँ गाउँपालिका–२ सोहनीका किसान मिथुन यादव दूध बेच्न दिनहुँ जनकपुर आउ–जाउ गर्छन्। करिब पाँच किलोमिटर यात्रा गर्दा ६ लेन सडकमा उड्ने धुलो र असरल्ल छरिएका गिट्टीले वाक्कदिक्क छन् मिथुन। 'सिक्स लेनमा चल्ने धेरैजसो टिपर र ट्याक्टरमा गिट्टी, बालुवा ओभरलोड हुन्छ। त्रिपालले छोपे पनि पछाडिबाट खस्ने बालुवा आँखामा पर्छ। गिट्टी बाटोभरि छरिन्छ। साइकल चलाउँदा दुर्घटना हुने खतरा रहन्छ,' मिथुन गुनासो गर्छन्। जनकपुर–ढल्केबर ६ लेन सडकमा मिथुन यादवकै जस्तो सास्ती भोग्न बाध्य छन् धनुषाको बटेश्वर गाउँपालिका ३ का विनोद महतो पनि। उच्च अदालत जनकपुरका नायब सुब्बा महतो अदालत आउजाउ गर्दा बालुवा उडेर कहिले आँखामा र कहिले लुगामा पर्ने गरेको बताउँछन्।

'भिजेको बालुवाबाट चुहिरहेको पानीको छिटा परेर परेर लुगा नै फोहोर हुन्छ। सुक्खा बालुवा आँखामा परेर बिभाउँछ,' महतो भन्छन् 'बदमासी बढेकोबढ्यै छ तर ट्राफिक प्रहरीले वास्तै गर्दैनन्।' जनकपुर–ढल्केबर सडक खण्डमा मिथुन र विनोदजस्ता हजारौं सर्वसाधारण दिनहुँ टिपर र ट्याक्टरबाट उड्ने धुलो र खस्ने गिट्टी बालुवाबाट सास्ती व्यहोरिरहेका छन्। ढल्केबरदेखि जनकपुरसम्म चार ठाउँ (ढल्केबर, सखुवा महेन्द्रनगर, लक्ष्मीनिया, मुजेलिया) मा ट्राफिक प्रहरी चेकपोस्ट छ। दर्जनौं टिपर र ट्याक्टर ट्राफिक प्रहरीकै अगाडिबाट बालुवा उडाउँदै, पानी चुहाउँदै जनकपुरधाम बजार प्रवेश गर्छन्। तर प्रहरीले तिनका चालकलाई रोक्न त परैजावस्, सम्भाइ बुझाइ समेत गर्दैन।

बिहीबार अपराह्न ५ बजेदेखि ५:३० बजेको बीचमा ट्राफिक चेकपोस्ट मुजेलियाका इन्चार्ज (सई) दिनेशकुमार दासको नेतृत्वमा ट्राफिक प्रहरीहरु जाँचमा खटिएका थिए। जनकपुर आउने प्राय: मोटरसाइकललाई रोकेर सोधपुछ गरेका उनीहरुले एउटा टिपर र दुईवटा ट्याक्टरलाई रोकेनन्। म.प्र.०३.००१ ख ८५४५ नम्बरको टिपरलाई मात्र रोके, जुन टिपरबाट भिजेको बालुवाबाट धाराभैँ पानी चुहिरहेको थियो। करिब पाँच मिनेट रोकेर ट्राफिक प्रहरीले चालकबाट एउटा कागज लिएर छाडे। उक्त टिपर उसैगरी पानी चुहाउँदै, बालुवा उडाउँदै गन्तव्यतिर लाग्यो।

त्यो आधा घण्टाको दृष्यपछि मुजेलिया ट्राफिक प्रहरीका इन्चार्ज दिनेशकुमार दासलाई अनलाइनखबरले प्रश्न गर्दा उनले सबैलाई चेकिङ गर्न नभ्याउने जवाफ दिए। 'सबैलाई चेकजाँच गर्न भ्याइँदैन। पानी चुहाइरहेको त्यो टिपरको कागजात राखेको छु। उसलाई पछि कारबाही गर्छु' उनले भने। ७ भदौको दिन बिहान साढे ९ बजेतिर ट्राफिक प्रहरी चेकपोस्ट सखुवा महेन्द्रनगरका प्रहरीहरु महेन्द्रनगर भन्दा तीन किलोमिटर दक्षिणमा चेकिङमा व्यस्त थिए। त्यसक्रममा पत्रकारको परिचय नदिइ ट्राफिक प्रहरी जवान रजनिश मिश्रालाई 'टिपरलाई किन चेकिङ गर्नुहुन्न ?' भनेर प्रश्न गर्दा उनी फर्किए। 'हामीलाई किन सोध्नु हुन्छ ? हाकिमलाई गएर सोध्नुस्' उनले भने।

**प्रहरीमाथि अवैध असुलीको आरोप**

टिपर/ट्याक्टरको बदमासी र ट्राफिक प्रहरीको बेवास्ता ६ लेन सडकमा स्पष्ट देख्न सकिन्छ। ६ लेन सडकको पूर्वतर्फको तीन लेनमध्ये एक लेनको सडक गिट्टी बालुवाले ढाकेको छ। जुन टिपर र ट्याक्टरबाट भरेको गिट्टी बालुवा हो। वर्षाको भेलले बगाउँदा पनि धेरै परिमाण अहिले पनि सडकमा छरपष्ट देख्न सकिन्छ। त्यही गिट्टीमा परेर अनियन्त्रित हुँदा मोटरसाइकल बेलाबेला दुर्घटना भइरहन्छन्। यस विषयमा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीलाई पटक पटक भेटघाटमा पत्रकारहरुले ध्यानाकर्षण गराउने गरेका छन्। तर, त्यसको सामान्य असर पनि सडकमा गुड्ने टिपर तथा ट्याक्टरमा देखिन्न।

टिपर र ट्याक्टर सञ्चालकबाट प्रहरीहरुले अवैध रुपमा रकम असुली गर्ने गरेको आरोप लाग्ने गरेको छ। 'जुन रुटमा जहाँसम्म टिपर चल्छ। त्यहाँसम्मको प्रत्येक ट्राफिक चेक पोस्टलाई टिपरको नम्बर लेखाएर मासिक कम्तिमा एक हजार रुपैयाँ दिनुपर्छ। त्यसपछि जसरी चलाए पनि, ओभरलोड गरेपनि कुनै टेन्सन रहन्न,' एक टिपर व्यवसायीले नाम उल्लेख नगर्ने सर्तमा भने, 'मैले आफ्ना दुईवटा टिपरको दुई हजार रुपैयाँ प्रत्येक चेकपोस्टमा मासिक तिर्ने गरेको छु। कहिलेकाहीँ रेकर्डका लागि मात्र जरिवाना काटिदिन्छन्।' अर्का एक ट्याक्टर चालकले ट्राफिक प्रहरी चेकपोस्टलाई मासिक पाँच सयदेखि एक हजार रुपैयाँ बुभ्फाउने गरेको बताए। 'कतै पाँच सय, कतै हजार रुपैयाँ मासिक दिनुपर्छ। त्यसपछि जति लोड गरे पनि रोक्दैनन्। नत्र दैनिक चलान भर्नुपर्छ। तनाव भेल्नुपर्छ' ती ट्याक्टर चालकले भने।

**अभै कडाइपूर्वक नियन्त्रण गर्छौं : ट्राफिक प्रहरी प्रमुख ओली**

दैनिक ६ लेनमा दैनिक एक सय बढी टिपर र ट्याक्टरले ट्राफिक नियम उल्लंघन गरे पनि कारबाही भने न्युन संख्यामा मात्र हुने गरेको देखिन्छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाको तथ्यांकमा साउन महिनाभर ट्रक र टिपर गरी ३३८ वटालाई कारबाही गरिएको छ। यसैगरी ११८ वटा ट्याक्टर कारबाहीमा परेका छन्। यस्तै मोटरसाइकल १ हजार ७५० वटा, कार, जीप र भ्यान ४०३ वटा, बस ८५ वटा र अन्य २ हजार ७७८ सवारी साधनलाई कारबाही गरेको धनुषाका ट्राफिक प्रहरी प्रमुख हरिबहादुर ओली जानकारी दिए।

आफू आएदेखि ट्राफिक व्यवस्थापन, कारबाही र दुर्घटना न्यूनीकरणमा उल्लेख्य प्रगति गरेको ट्राफिक प्रहरी प्रमुख ओली दावी गर्छन्। जनशक्ति अभाव र कार्यव्यस्तताको कारण सबैलाई कारबाहीको दायरामा ल्याउन नसकेको बताउँदै उनी कारबाहीमा परेका टिपरले पनि मनोमानी गर्न नछाडेको तर्क गर्छन्। 'तथ्यांकले मोटरसाइकल दुर्घटना बढी र चोरीको घटना बढ्दा चेकजाँचमा जोड दिएका छौं। टिपरलाई पनि कारबाही गरिएकै छ। तर, एक ठाउँमा कारबाही गर्दा उसले त्यही चिटले २४ घण्टासम्म त्यसैगरी चलाउँछ। किनभने त्यो अवधिमा अर्को चिट पनि काट्न मिल्दैन,' उनले भने, 'अब अभै कडाइपूर्वक नियन्त्रण गर्छौं।' ट्राफिक प्रहरीले टिपर र ट्याक्टर व्यवसायीसँग साँठगाँठ गरी उन्मुक्ति दिने गरेको आरोपमा उनले भने, 'म आएको चार महिना भयो, कुनै पनि टिपर तथा ट्याक्टर व्यवसायीसँग चिनजान छैन।'

# गर्मी बढेपछि विद्यालयमा बिदा

महोत्तरी, ६ असोज। असोज महिनामा पनि अत्यधिक गर्मी बढेपछि मनराशिसवा नगरपालिकाले पालिकाको सम्पूर्ण विद्यालयमा बिदा दिएको छ। मनराशिसवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेशकुमार शर्माले एक सूचना जारी गर्नुहुँदै असोज ७ गतेदेखि ११ गतेसम्म पालिकाका विद्यालयहरुमा बिदा दिएको हो। उनले पालिकाको असोज ६ गतेको निर्णय अनुसार वर्षे बिदामा कट्टा हुने गरि यस नगरपालिका अन्तर्गतका सबै सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरुमा गर्मी बिदा दिइएको जानकारी दिनुभयो। अत्यधिक गर्मीका कारण बालबालिकाहरुको स्वास्थ्यमा पर्न सक्ने असरलाई विचार गरी विद्यालयमा बिदा दिइएको हो।

मनराशिसवा नगरपालिकामा २३ वटा सामुदायिक तथा छ वटा संस्थागत विद्यालयहरुमा करिब आठ हजारभन्दा बढी बालबालिका अध्ययन गर्दै आएका छन्। महोत्तरीमा केही दिनयता तापक्रम ३५ डिग्रीको हाराहारीमा रहने गरेको छ। महोत्तरीको अधिकांश विद्यालयको छाना चदराको रहेको कारण गर्मीमा अत्याधिक गर्मी भई विद्यार्थीहरुलाई असहज बनाउने गरेको छ। जलेश्वर नगरपालिका ४ का ६२ वर्षीया जवार धोबीले असोज महिनामा यति गर्मी पहिला आफूहरुले नभोगेको बताए। कपडा धुने काम गर्दै आउनुभएका उहाँले असोज महिनाको मौसम न बढी गर्मी न बढी जाडो मिश्रित रहँदै आएको बताउनुहुँदै पहिलो हप्तासम्म यतिको गर्मी बढेकोले कामकाजमा असहजता भएको बताए।

*बर्षातको समयमा पानीजन्य संक्रमण रोगहरुको जोखिम बढी हुने भएकाले खानपिन तथा सरसफाइमा विशेष ध्यान दिऔं।*

# उपेन्द्र यादवले जनताको हितमा काम गरेनन्, हैकमवादी शैली देखिएपछि पार्टी फुटाएका हौं : प्रदीप यादव



**क्रान्ति शाह**

वीरगन्ज, ६ असोज। जनता समाजवादी पार्टी (जसपा) का उपमहासचिव प्रदीप यादवले जनता र मुलुकको विकासलाई केन्द्रमा राखेर सरकारले काम गरिरहेको बताएका छन्। पर्साको पर्सागढी नगरपालिका–८ हरपुरमा आइतबार आयोजित कार्यकर्ता भेटघाट तथा चियापान कार्यक्रममा बोल्दै खानेपानी मन्त्री समेत रहेका यादवले जसपाले जनताको सेवा र मुलुकको विकासलाई केन्द्रमा राखेर काम गरिरहेको बताए। उपमहासचिव यादवले भने,'जसपाले मुलुकको समृद्धिका लागि सही नीति अवलम्बन गरेको छ। हाम्रो पार्टीले नीतिगत रूपमै जनताको हितमा काम गरिरहेको छ। मुलुकलाई सही मार्गमा लैजान सक्षम नीति र कार्यक्रम अघि सारेको छ।'

जसपा नेपालसँग अलगिएर जसपा गठन गर्नु पछाडिको कारण उपेन्द्र यादवको गलत नेतृत्व र हैकमवादी शैली भएको उनले बताए। उनले भने, 'उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले जनताको वास्तविक समस्या समाधान गर्न असफल भएको थियो। उहाँको पार्टीले केवल नारामै सीमित रहेर जनतामा भ्रम उत्पन्न गरेको छ। मधेसको अधिकार दिलाउने नाममा पटक–पटक सत्तासँग सम्झौता गरेको छ।'

पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य ( सांसद) समेत रहेका यादवले स्थानीयस्तरमा देखिएका विकास निर्माणका चुनौतीहरू, विशेष गरी खानेपानी र सरसफाइका समस्याहरू समाधान गर्न पार्टीका जनप्रतिनिधिहरूसँग पनि अन्तरक्रिया गरे। उनले पर्सामा देखिएका खानेपानीका समस्याहरू समाधान गर्न मन्त्रालयले दीर्घकालीन योजनाहरू कार्यान्वयन गर्न प्रतिबद्ध रहेको पनि बताए। कार्यक्रममा शनिबार मात्रै जसपा नेपाल परित्याग गरि जसपामा प्रवेश गरेका जिल्ला सचिव तबरेज अहमदले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको नकारात्मक नेतृत्व शैलीले आफू र अन्य नेताहरूले पार्टी छोड्न बाध्य भएको बताए। उनले भने,'जसपा नेपालमा रहँदा जनताका समस्याहरूलाई प्राथमिकतामा राखेर काम भएको देखिनँ। पार्टीले जनअपेक्षा अनुसार प्रगति गर्न सकेन, त्यसैले मैले जसपा पार्टीमा प्रवेश गर्ने निर्णय गरेँ।'

अहमदले थपे, 'पार्टीभित्र लोकतान्त्रिक प्रक्रियाको अभाव, अध्यक्षको अराजक र असन्तुलित निर्णयले गर्दा हामी जसपा नेपालप्रति निराश भएका हौँ। उपेन्द्र यादवको नेतृत्वमा संगठनको मूल सिद्धान्त र पार्टीका उद्देश्यसँग असङ्गत गतिविधिहरूले असन्तुष्टि पैदा गऱ्यो। त्यसैले, हामीले पार्टी परित्याग गर्ने निर्णय गऱ्यौँ।' कार्यक्रममा पर्सागढी–६ का वडाध्यक्ष नवल किशोर साहले मन्त्री यादवलाई पर्सागढी नगरपालिकामा खानेपानीको अवस्थाबारे जानकारी गराउँदै स्थानीय स्तरमा खानेपानी तथा सरसफाइका समस्याहरू समाधान गर्न सरकारको सहयोगको अपेक्षा व्यक्त गरे।

# धनुषामा चक्काजाम

जनकपुरधाम, ६ असोज। सिन्धुलीको एक निजी विद्यालयमा विद्यार्थी मृत भेटिएको विषयलाई लिएर धनुषाको जनकपुर–ढल्केबर सडकखण्डमा स्थानीय बासिन्दाले चक्काजाम गरेका छन्। लक्ष्मीनियाँ गाउँपालिका–४ स्थित सपहीमा वडा नम्बर –४ का वडाध्यक्ष रमेश साहसहितका स्थानीयले सडक अवरुद्ध गरेका हुन्। बिहान ८ बजेदेखि ११ बजेसम्म उनीहरु सडकमै धर्ना बस्दै यातायात अवरुद्ध पारेका छन्। २ भदौमा सिन्धुलीको कमलामाई नगरपालिकामा रहेको भगवतीमाई इंग्लिस माध्यमिक विद्यालयको कक्षा ८ मा अध्ययनरत १४ वर्षीय रजनीश साह होस्टेलमा मृत फेला परेको थियो। घटना शंकास्पद रहेको भन्दै पीडित परिवारले छानबिन र दोषीमाथि कारबाहीको माग गर्दै आएका छन्।

मृतक रजनीशका बुवा गणेश साहका अनुसार घटनाबारे स्कुलले ढिलो जानकारी दिएका थिए। राति दुई बजे धुलिखेल अस्पताल पुग्दा छोरोको मृत्यु भइसकेको पाएको र घटना शंकास्पद रहेको उनको दावी छ। गणेशले जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा छोराको पोष्टमार्टम रिपोर्ट माग्न जाँदा वकिल र डाक्टर उपस्थित गराएर मात्रै रिपोर्ट देखाउने भनेको बताए। त्यस्तै विद्यालयका सञ्चालक, प्रिन्सिपल र होस्टेल वार्डेनसहित चार जनाविरुद्ध किटानी जाहेरी नलिएर प्रहरी विद्यालयको पक्षमा उभिएको उनको आरोप छ।

मृत्यु घटना पश्चात् उनीहरूले विद्यालय अगाडि केहीदिन धर्ना दिएर प्रदर्शन गरेका थिए। भदौ २१ मा सपहीमै सडक अवरुद्ध गर्दा धनुषाका प्रमुख जिल्ला अधिकारीले जाहेरी दर्ता गर्ने आश्वासन दिए पनि अहिलेसम्म दर्ता नभएको वडाध्यक्ष साहको गुनासो छ। बाध्य भएर सडक अवरुद्ध गरेको वडाध्यक्ष साहले बताउँदै जाहेरी दर्ता नभए कडा आन्दोलन गर्ने चेतावनी दिए।

बालबालिकाले आफै मोबाईल चलाउँदैनन्। अभिभावकले अत्याधिक मोबाईल प्रयोग गर्दा उनीहरुले पनि देखेर सिक्छन् र लत बस्छ।


## "पर्वोत्सव"
## सहुलियत छुट मूल्य पसल–२०८१
### खाद्यान्नको छुट मूल्य विवरण

यही २०८१ सालको बडा दशैं, तिहार र छठ पर्वको लागि २०८१ असोज ७ गते देखि २०८१ माघ २ गते सम्म सहुलियत मूल्यको पसल सञ्चालन हुन गईरहेकोले सम्पूर्ण उपभोक्ता वर्गमा सहर्ष जानकारी गराउँदछौं।

| सि. नं. | खाद्य वस्तुको किसिम | साबिकको बिक्री मूल्य प्रति के.जी. | छुट मूल्य प्रति के.जी. | छुट पछिको बिक्री मूल्य प्रति के.जी. | कैफियत |
|---|---|---|---|---|---|
| १. | अरुवा सोना मंसुली चामल | ६५/– | ५/– | ६०/– | १५००/– प्रति बोरा |
| २. | स्टीम जिरा मसिनो चामल | ८७/– | ५/– | ८२/– | २०५०/– प्रति बोरा |

**बिक्री हुने स्थान : लहान कार्यालयको प्राङ्गणमा ।**


**समय : कार्यालय समयभित्र मात्र ।**

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
मुख्य शाखा कार्यालय, लहान
फोन नं. ०३३–५६३१५०






**CITY TRADE CONCERN**
Hero Showroom Lahan-3, Global Bank को तल, पूर्व बस स्टेण्ड
**Phone No. 033565202**





मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)